# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

## हकप्रद शेयर निष्काशनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना

यस हिमालयन पावर पार्टनर लिमिटेडको हाल कायम चुक्ता पूँजी रु. १,०६,५४,१७,०००।- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १,०६,५४,१७० कित्ता साधारण शेयरको १ : ०.५ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५ कित्ता साधारण शेयर) को अनुपातमा रु.५३,२७,०८,५००।- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरका ५३,२७,०८५ कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनको लागि **मिति २०८२/१२/१० गते (तदानुसार मार्च २४, २०२६) मंगलबार एक दिन** शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८२/१२/०९ गते (तदानुसार मार्च २३, २०२६) सोमबारसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई शेयरधनी कायम भएका शेयरधनीले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनीहरु तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं।

साथै, धितोपत्र व्यवसायीहरु (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखि सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिनु हुन बिनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।

# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

## आधारभूत शेयरधनीलाई हकप्रद शेयर बापतको रकम जम्मा गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८१/०९/२९ गते सम्पन्न १२औं साधारण सभाबाट पारित १:०.५ अर्थात् (अर्थात् १ कित्ता शेयर बराबर नयाँ ०.५ कित्ता शेयर) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट मिति २०८२/११/२५ गते आवश्यक स्वीकृति प्राप्त भइसकेको र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम सङ्गठित संस्थाको सञ्चालक लगायत आधारभूत शेयरधनीहरूले आफूले लिनुपर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र सर्वसाधारण समूहका शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुला गर्नुपर्ने व्यवस्था रहेकाले **यहि मिति २०८२/१२/२३ गते (तदनुसार ६ अप्रिल, २०२६) सोमबार बैंकिङ्ग समयभित्र** प्रति शेयर रु. १००।- को दरले आफूले लिनुपर्ने हकप्रद शेयर बराबरको रकम देहायमा उल्लेखित विवरण भएको बैंक खातामा जम्मा गर्न सञ्चालक तथा आधारभूत शेयरधनीहरूलाई सञ्चालक समितिको मिति २०८२/११/२८ गतेको निर्णयानुसार अनुरोध गरिन्छ।

| बैंक खाताको विवरण: | |
|---|---|
| बैंकको नाम : | नबिल बैंक लिमिटेड |
| खातावालाको नाम : | Himalayan Power Partner Ltd. |
| बैंक खाता नं. : | 1501017500164 |
| खाता रहेको बैंकको शाखा : | महाराजगंज, काठमाण्डौं |

साथै हकप्रद शेयर वापतको रकम जम्मा गरेको बैंक भौचर यस कम्पनीको E-mail: hpphydro.finance@gmail.com अथवा WhatsApp No ९८४१४१२८३८ मा पठाउनु हुन अनुरोध गरिन्छ।